नेपाल सरकार

# नेपाल पशु चिकित्सा परिषद्

प.सं. ०७९/०८०
च.नं. २३४

मितिः २०८०/०३/०१

**विषयः देशव्यापी फैलिरहेको लम्पी स्किन रोग (Lumpy Skin Diseases; LSD) उपचार, नियन्त्रण तथा रोकथामको लागि नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (छ) बमोजिम नेपाल सरकारलाई दिईएको परामर्श सम्बन्धमा।**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

नेपालको अर्थतन्त्रमा करिब ११.५ प्रतिशत हिस्सा राखे पशुपालन क्षेत्र लम्पी स्किन रोग, अफ्रिकन स्वाईन फिभर, वर्डफ्लु, खोरेत, पिपिआर लगायतका विभिन्न रोगहरुका कारण संकटग्रस्त हुदैं गईरहेको छ।

पशु सेवा विभागको तथ्याङ्क हेर्दा हाल लम्पी स्किन रोग ७१ वटा जिल्लाहरुमा फैलिसकेको, जसका कारण करिब ५ लाख ५५ हजार पशुहरु संक्रमित भएको र सो मध्ये २१ हजार पशुहरु मरेको देखिएको छ। पक्स भाइरसको संक्रमणले गर्दा मुख्य गरी गाई र भैसींमा लाग्ने यो रोगका कारण पशुवस्तुको मृत्यु हुने, दूध र मासु उत्पादनमा ह्रास आउने, पशुमा प्रजनन् समस्या देखिने (तुहिने, गर्भपतन हुने, बाली नजाने), छाला उत्पादनमा समेत समस्या आउने र निको भएको पशुलाई पूर्ववत अवस्थामा ल्याउनको लागि थप पोषण खर्च बढ्न गई किसानको ठूलो धनराशीको नोक्सान भईरहेको छ। यो रोगका कारण करिब छ महिना सम्म साढे तथा राँगाहरु प्रजनन्मा आउन नसक्ने र लामो वेतान्तर भई गाई भैसींको दूध उत्पादनमा (४०-५०%) समेत कमी हुने अनुसन्धानहरुबाट देखिन्छ।

विश्व पशु स्वास्थ्य संगठन (WOAH) का अनुसार यो रोग देखिएको ठाउँमा पशुमा रोग फैलिने दर १० देखि २० प्रतिशत र मृत्युदर १ देखि ५ प्रतिशत देखिएता पनि भारत (२४.२%), बंगलादेश (३४%) र इथोपिया (३६%) मा गरीएका अनुसन्धानहरुले रोग फैलिने दर उच्च रहेको देखिएको छ। उक्त रोगका कारण भारत, बंग्लादेश र इथोपियामा क्रमशः १२.४%, ३.२% र ४.५% मृत्युदर देखिएको अध्ययनले देखाउँछ। यसका साथै एकै खोरमा रहेका पशुहरुमा भने ८२.३% पशुमा रोग फैलिने र ती मध्ये २४.३% मर्ने गरेको अध्ययनले देखाएको छ।

यो रोगले पार्ने सामाजिक र आर्थिक प्रभाव भने ठूलो रहेको छ। विभिन्न देशहरुमा यो रोगका कारण पर्ने आर्थिक प्रभावको अध्ययनलाई हेर्दा भारतमा एउटा गाई बिरामी हुँदा रु. ९४,८३९/- र भैसींमा रु. ४३,३२९/- बराबरको आर्थिक क्षति भएको देखिएको छ। त्यसै गरी प्रति गाई वा भैसीं बंग्लादेशमा रु. १२,३२३/- र इथोपियमा रु. ४२,९००/- आर्थिक क्षति हुने गरेको पाईएको छ।

***नेपालमा गाई ७४,१३,१९७ र भैसीं ५१,३२,९३१ गरी कुल १,२५,४६,१२८ गाई र भैसींको संख्या रहेको छ। माथि प्रस्तुत वैज्ञानिक तथ्यका आधारमा अनुमानित २०% पशुमा रोग सर्ने दर, नेपालको हालको मृत्युदर ३.८% र प्रति पशु रु. ४९,१३५/- नोक्सान हुँदा २७ अर्ब २२ करोड ५० लाख बराबरको आर्थिक क्षति भईसकेको देखिन्छ। यो***



भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेलः info@vcn.gov.np, वेवसाइट : www.vcn.gov.np

***रोगको समयमै उपचार, नियन्त्रण तथा रोकथाम गर्न नसकेको अवस्थामा करिब २५ लाख २६ हजार पशुमा संक्रमण फैलिने र १ लाख गाईभैंसीं मर्ने करिब १ खर्ब २६ अर्ब बराबरको आर्थिक क्षति हुने देखिन्छ। उक्त रकम नेपालको आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित कुल बजेटको करिब ७.२ प्रतिशत हुन आउँछ।***

हाल नेपालमा लम्पी स्किन लगायतका गाईभैसींमा लाग्ने खोरेत रोग, बाख्रामा पिपिआर, बंगुरमा अफ्रिकन स्वाइन फिभर, कुखुरामा रानिखेत, गम्बरो र बर्डफ्लु, सम्पूर्ण पशुहरुमा देखिने रेविज लगायतका रोगहरुले खबौंको वार्षिक क्षति पुर्याइरहेका छन्। ***यी रोगहरुको उपचार, रोकथाम तथा नियन्त्रण गर्नका लागि स्थानिय तहमा रहेको करिब ८२.२ प्रतिशत पशु चिकित्सकहरुको दरबन्दी रिक्त रहेको र अधिकांश स्थानिय तहका वडाहरुमा पशु स्वास्थ्य प्राविधिकहरुको उपस्थिति न्यून रहेको छ। संघीयता अगाडी रहेका १००० वटा पशु सेवा केन्द्रहरु संघीयता पश्चात् प्रशासनिक पुर्नसंरचना गर्दा ७५३ मा खुम्चिएको अवस्था छ।*** स्थानिय तहमा पशु चिकित्सा सेवा दिनका लागि हाल सम्म चितवनको माडी नगरपालिका बाहेक अन्य स्थानिय तहमा भेटेरिनरी अस्पतालको स्थापना तथा सञ्चालन गरिएको छैन। यस्ता पशुका महामारी विरूद्ध लड्न भेटेरिनरी सेवाको आमूल पुर्नसंरचना गरी अस्पताल र जनशक्ती थप गर्न अत्यावश्यक देखिन्छ। यी रोगहरुले पार्ने असरका कारण नेपालको १५ औ योजना, दिगो विकास लक्ष्य (SDG) र नेपाल सरकारले प्रक्षेपण गरेको ६ प्रतिशतको आर्थिक बृद्धिको लक्ष्यमा समेत गम्भिर प्रभाव पार्ने देखिन्छ। त्यसकारण उक्त रोगहरु तथा आगामी दिनमा आउने महामारीहरुको समयमै उपचार, रोकथाम, नियन्त्रण गरी किसानको पशुधनलाई जोगाई स्वस्थ समाज र सबल अर्थतन्त्रमा टेवा पुर्याउन देहायका व्यवस्थाका लागि नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (छ) अनुसार नेपाल सरकारलाई परामर्श दिईएको व्यहोरा नेपाल पशु चिकित्सा परिषद्को निर्णयानुसार अनुरोध छ।

**तत्कालीन कार्यको लागि दिईएको परामर्शः**

१) हाल मस्यौदाको क्रममा रहेको संक्रामक पशु रोग नियन्त्रण सम्बन्धी प्रस्तावित विधेयक पारित नहुन्जेल सम्म तत्कालका लागि लम्पी स्किन रोग नियन्त्रण आदेश जारी गरी प्रभावकारी रुपमा उक्त रोगको उपचार, रोकथाम तथा नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने।

२) रोगको नियन्त्रण तथा रोकथामको लागि देशभर तथ्याङ्क व्यवस्थापन, रिपोर्टिङ्ग, लजिस्टिक व्यवस्थापन र प्रतिकार्यका क्रियाकलापहरुलाई थप समन्वय तथा सम्योजन गर्न संघीय स्तरमा लम्पी स्कीन रोग कन्ट्रोल रुमको स्थापना गर्ने।

३) रोगको संक्रमण देखिएका सबै स्थानिय तहहरुमा कम्तिमा एकजना पशु चिकित्सक र पशु स्वास्थ्य प्राविधिकहरुको टोलि सहित रेपिड रेस्पोन्स टिम अबिलम्ब परिचालन गर्ने।

४) हाल स्थानिय तहहरुमा पशु चिकित्सा तथा पशु स्वास्थ्यकर्मीको चरम अभाव देखिएकोले भेटेरिनरी अध्ययपन गराउने शैक्षिक संस्थाहरुमा अध्ययपन गराउने शिक्षक तथा इन्टर्नका विद्यार्थि तथा निजि क्षेत्रमा काम गर्ने पशु स्वास्थ्यकर्मीहरुलाई अविलम्ब परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने।

५) संक्रमण दर उच्च भएका जिल्लाहरुमा प्रयाप्त औषधिको मौजदातको व्यवस्था गर्ने।



भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेलः info@vcn.gov.np, वेवसाइट : www.vcn.gov.np

६) उक्त रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि आवश्यक आधारभूत भेटेरिनरी औषधि, खोप, निसंक्रामक रसायनको उपलब्धता तथा वितरण व्यवस्था गर्ने।

७) पशु रोगहरुलाई फैलन नदिन भौगोलिक रूपमा महत्वपूर्ण मानिएका स्थानहरु तथा हाल सम्म पशु क्वारेन्टाइन चेकपोष्ट नै नभएका प्रदेशमा आन्तरिक पशु क्वारेन्टाइन चेकपोष्टहरुको स्थापना गर्ने।

**लम्पी स्किन लगायतका महामारी पशु रोगहरुको समयमै उपचार, रोकथाम, नियन्त्रण गरी किसानको पशुधनलाई संरक्षण एवं सम्बर्द्धन गरी स्वस्थ समाज र सबल अर्थतन्त्रमा टेवा पुर्याउन देहायका मध्यकालीन तथा दीर्घकालीन व्यवस्था गर्ने:**

१) प्रत्येक स्थानिय तहमा प्राथमिक प्रयोगशाला सेवा सहितको भेटेरिनरी अस्पताल स्थापना गर्ने।

२) सबै स्थानिय तहमा पशु चिकित्सक र वडा स्तरमा पशु स्वास्थ्य प्राविधिकको अबिलम्ब व्यवस्था गर्ने।

३) जिल्ला स्थित भेटेरिनरी अस्पताललाई आधारभूत प्रयोगशाला सहितको विशेषज्ञ भेटेरिनरी सेवा प्रदान गर्न सक्ने गरी स्तरोन्नती गर्ने।

४) पशु रोगको सर्भिलेन्स तथा रिपोर्टिङ्गलाई प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा केन्द्रिय प्रयोगशालाको मातहत रहने गरी रिफरल प्रयोगशालाको रुपमा संघीय प्रयोगशालाहरुको स्तरोन्नती गर्ने।

५) प्रत्येक प्रदेशमा औषधि तथा खोप भण्डारण केन्द्र र प्रत्येक जिल्लामा खोप बैङ्कको स्थापना गर्ने।

६) सरकारी छात्रवृतीमा पढेका पशु चिकित्सकहरुलाई कम्तिमा २ वर्ष दुर्गम जिल्लामा गएर काम गर्ने व्यवस्था गर्ने।

डा. मनोज कुमार शाही
नि. रजिष्ट्रार

**बोधार्थ तथा कार्यार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ।

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सुदूरपश्चिम/कर्णाली/लुम्बिनी/गण्डकी/बागमती/मधेश/कोशी प्रदेश।

श्री सबै महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका /गाउँपालिकाहरु।



भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेल: info@vcn.gov.np, वेवसाइट : www.vcn.gov.np